आज मिति २०७९ साल भदौ १५ गते बुधबारका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भ्लोन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईवा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री निम बहादुर थामी | सदस्य | |
| ११ | श्री साल माया लो | सदस्य | |
| १२ | श्री रमा कुमार च्याङ्मी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री सुरेश कुमार अधिकारी | नि.प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

**अन्य उपस्थिति :**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरतजंग थापा | सहायकस्तर पाँचौ | |
| २ | श्री सुदिप थापा | कम्प्युटर अपरेटर | |
| ३ | | | |

# घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठकको

### प्रस्ताव तथा निर्णयहरु

### मिति २०७९ साल भदौ १५ गते बुधवार

### बैठकका प्रस्तावहरु

१। अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२। १० सैया अस्पतालको जग्गा विवाद सम्वन्धमा।

३। वडा नं. १ को सदस्य ज्ञान वहादुर थिङ समेतको उपचार खर्च सहयोग सम्वन्धमा।

४। छात्रवृत्ति सम्बन्धमा।

५। अस्थाई अस्पताल मर्मत सम्भार खर्च सम्वन्धमा

६। विविध सम्वन्धमा।

### निर्णयहरु :

**निर्णय नं. १ :**

निर्णय नं. १ माथि छलफल गर्दा यस अघि गाँउपालिकावाट भए गरेका निर्णयहरुको समिक्षा गरियो।

**निर्णय नं. २ :**

निर्णय नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि संघीय सरकारवाट १० शैयाको अस्पताल निर्माण गर्न वजेटको व्यवस्थापन भएकोले घ्याङलेख गाउँपालिका वडा नं. ३ अर्न्तगत सोलाभन्ज्याङ्गमा प्राप्त भएको अनुमानित ४ रोपनी क्षेत्रफल भएको जग्गामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड अनुसार भवन निर्माण गर्न जग्गा अपुग भएकोले उपयुक्त स्थानमा जग्गा व्यवस्थापन गरी विवादरहित अस्पताल निर्माण गर्न अर्को कार्यपालिकाको वैठकमा प्रतिवेदन पेश गर्नेगरी तपशिल अनुसारको जग्गा विवाद समस्या समाधान समिति गठन गर्ने निर्णय गरियो।

**तपशिल**

| | | |
|---|---|---|
| १. श्री शंकरमान घलान | - | संयोजक |
| २. श्री रोशन कुमार भ्लोन | - | सदस्य |
| ३. श्री निश्चल सुनुवार | - | सदस्य |
| ४. श्री मिठु कुमारी विश्वकर्मा | - | सदस्य |
| ५. श्री भक्तहरी श्रेष्ठ | - | सदस्य सचिव |

**निर्णय नं. ३ :**

निर्णय नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ का वडा सदस्य श्री ज्ञान वहादुर थिङ मोटरसाइकल दुर्घटनमा परि असक्त विरामी भएकोले विगत २ महिनादेखि ट्रमा सेन्टर काठमाण्डौमा उपचार भई रहेकोले निज सदस्यको आर्थिक अवस्था अत्यन्त नाजुक भएकोले थप उपचारको लागि गाउँपालिकाको तर्फबाट उपचार खर्च सहयोग बापत उपचार तथा आर्थिक सहायता कोषबाट खर्च हुने गरी रु. १,५०,०००। (अक्षरुपी : एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो । साथै वडा नं. ४ का रुपेश मोक्तान मोटरसाइकल दुर्घटनमा परी घाइते भएकोले निजलाई रु. २०,०००। र वडा नं. ५ का क्यान्सर पिडित सलाम सिं घलानलाई रु. २०,०००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

निर्णय नं. ४ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं. २ वस्ने श्री प्रेम वहादुर नेपाली दमाईको छोरा प्रमिस नेपालीले एम.वि.वि.एस अध्ययनको लागि छात्रवृत्तिमा Medical Education Commission को क्र.स. ९ मा नाम निकाल्न सफल भई नेपाल मेडिकल कलेज, जोरपाटिमा अध्ययन गर्न लागेको हुँदा गाउँपालिकाको हाल सम्म एक मात्र एम.वि.वि.एस अध्ययन गर्ने व्यक्ति भएकोले निजलाई छात्रवृत्ति वापत आर्थिक सहयोग स्वरुप वार्षिक रुपमा रु. ६०,०००। (अक्षरुपी : साठी हजार मात्र) का दरले ४ वर्षको लागि उपलब्ध गराउने र वडा नं. १ वस्ने पुर्वेली वम्जनले विज्ञान संकायमा नाम निकालि लुम्बिनि एकेडेमि कलेज, चुच्चेपाटि चावेलमा अध्ययनरत रहेकोले निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुँदा अध्ययनको लागि कलेजमा तिर्नु पर्ने फि वार्षिक रुपमा रु. ४०,०००। (अक्षरुपी : चालिस हजार मात्र) छात्रवृत्ति वापत २ वर्षको लागि आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

निर्णय नं. ५ माथि छलफल गर्दा वस्तिपुर स्वास्थ्य चौकीको कम्पाउन्ड भित्र वनेको एक तले भवनमा अस्थाई अस्पताल संचालन भएकोमा प्रदेश सरकारबाट उक्त अस्पताल खारेज भएकोले सोहि भवन प्राविधिक इष्टमेट वमोजिम मर्मत गरि एक्सरे मेसिन सेवा प्रवाह गर्ने र स्वास्थ्य चौकीमा सेवा लिन आएका विरामीहरुलाई आवश्यकता अनुसार भर्ना गरि सरल, सुलभ र सहज रुपमा उपचार गर्न वेड व्यवस्थाप गर्नका लागि कोठा तयार भएकोले उक्त कार्य सम्पन्न गर्न लागेको खर्च रकम प्राविधिक कार्यसम्पन्न प्रतिवेदनको आधारमा मर्मत तथा सम्भार कोषमा भएको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६ : विविध सम्बन्धमा छलफल गर्दा :-**

क) प्रदेश सुशासन केन्द्र हेटौडाबाट GESI सम्वन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरि समुहगत रुपमा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउनको लागि निति समेत तयार भईसकेको हुँदा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनिति, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

ख) अविरल वर्षातको कारणले वडा नं. १ वाट गाउँपालिकामा दर्ता हुन आएका विपद सम्वन्धी निवेदनहरु माथि आवश्यक कारवाहि अगाडि बढाउदा तपशिलमा उल्लेखित निवेदकहरुलाई तपशिल बमोजिमको रकम विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

१) पवन कुमार वि.क. २०,०००।

२) तिर्थ बहादुर वि.क. २०,०००।

ग) कार्यालयमा भएका सवारी साधन (मोटरसाइकल) को मर्मत सम्भार खर्च अत्याधिक भई गत विगत बर्षहरुमा विनियोजित रकम अपुग हुन गएकोले मोटरसाइकल मर्मत कार्यलाइ व्यवस्थीत बनाउन जिम्मा लिने व्यक्तिले कार्यलयबाट मर्मत आदेश स्वीकृत गराई प्रति मोटरसाइकल वार्षिक रु. १२,०००। मात्र उपलब्ध गराउने साथै मासिक रुपमा इन्धन १५ लि. उपलब्ध गराउने निर्णय गरियो ।

घ) आर्थिक वर्ष ०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सेफहाउसको तला थप्ने र रिटेनिङ वाल निर्माण कार्यको लागि विनियोजित रु. ३५,००,०००। को कार्य उपभोक्ता समितिमार्फत यथासिघ्र संचालन गर्ने निर्णय गरियो ।

ङ) आर्थिक वर्ष ०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार विभिन्न योजनाहरुको DPR गर्नका लागि विनियोजित रकमको परिधिमा रहि तपशिलमा उल्लेखित प्राथमिकताको आधारमा कार्य अगाडि बढाउने निर्णय गरियो ।

**तपशिल**

१) तामाजोर खोला पक्की पुल

२) मरिण खोला पक्की पुल

३) ठाडोखोला पक्की पुल

४) हाडिखोला पक्की पुल

५) चन्दनपुर सातदोवाटो सडक

६) सोलाभन्ज्याङ रामपुर राङचा सडक

७) रामपुर, रामभेडा, जुगेपानी सडक

८) वस्तीपुर स्वास्थ्य चौकी भवन निर्माण

९) अमले थलागाउँ वन्दिपुर सडक

१०) चौकीडाँडा औधोगिक ग्राम

११) अर्च्चले, चैनपुर, सिम्पाल, जुगेपानी सडक

च) आ.व. ०७६।०७७ मा विनियोजित वजेटवाट वडा नं. २ स्थीत फापरचुली भिउटावर निर्माण कार्य अगाडि वढाउदै जादाँ प्राविधिक समस्या उत्पन्न हुन गई काममा अवरोध भएकोले DPR संसोधनको लागि DPR तयार गर्ने हिमसिखा कन्सल्टेन्सीलाई ताकेता गर्दा सम्पर्क हुन नसकेकोले उक्त भिउ टावरको DPR संसोधन गर्न ३,००,०००। वजेटको सिमा भित्र रहि सक्षम परामर्शदातावाट आर्थिक वर्ष ०७९।०८० को प्राविधिक परामर्श शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

छ) नेपाल रेडक्रस सोसाईटी तामाजोर उपशाखा एम्वुलेन्स सञ्चालन समिति वडा नं. ३ को मिति २०७९।०४।०८ च.नं. ०१ को पत्र अनुसार एम्वुलेन्स सञ्चालन तथा मर्मत खर्च रु. ५७५५२८।४४ को सम्पुर्ण बिल भपाई, मर्मत आदेश प्राप्त भएपछि विविध शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो । साथै उक्त एम्वुलेन्स वडा नं. २ वस्तीपुर स्वास्थ्य चौकीबाट सञ्चालन गर्ने निर्णय गरियो ।

ज) गाउँपालिका भित्र भएका खानेपानी सम्वन्धी समस्याहरु मिति २०७९।०५।२५ गतेभित्र संकलन गरि योजना कार्यान्वयन गर्न खानेपानी सम्वन्धी काम गर्ने नेवा संस्थालाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

झ) गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने जेष्ठ नागरीकहरुको समस्यालाई सहज रुपमा समाधान गर्नको लागि नेपाल एस वि.आई बैंकको समन्वयमा वृद्ध भत्ता वडा वडाबाट वितरण गर्न प्रवन्ध मिलाउन बैंकलाई अनुरोध गर्ने निर्णय गरियो ।

ञ) गाउँपालिकावाट विज्ञापन गरिएका कर्मचारी नियुक्ती, विभिन्न सेवाहरु आपुर्ति गर्न गरिएका सूचनाहरुको आधारमा सरोकार पक्षले अनलाइन माध्यमवाट आवेदन दिन सक्ने क्षमता सुदृढ गर्न विनियोजित रकमको परिधिमा रहि आवश्यक प्रक्रिया अगाडि वढाउने निर्णण गरियो ।

शंकर ... घलान
उपाध्यक्ष

जगत बहादुर भोलन
अध्यक्ष